Aalital Rural Municipality
Office of The Rural Municipal Executive
Bhimdattapur, Dadeldhura
Sudurpashchim Province, Nepal

# आलिताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### भीमदत्तपुर, डडेल्धुरा

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मिति (दोस्रो पटक): २०८३/०६/२३ गते**

१ आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भीमदत्तपुर, डडेल्धुराले निम्नलिखित निर्माण कार्यका लागि योग्य नेपाली बोलपत्रदाताहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गर्दछ। कार्यहरूको अनुमानित रकम तल उल्लेख गरिएको छ

| S.N. | Contract Identification Number | Description of Wok | Estimate Vat & PS | Bid Security (NRs) | Bid Document Price (NRs) | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 1/SQ/ATLRM/ 2083-084 | Road cleaning work – Ward Nos. 1 and 2 | 11,50,000.00 | 25500.00 | 1000 | (15th October 2026) 2083-06-29 B.S. 12:00 Noon | (15th October 2026) 2083-06-29 B.S. 2:00 Noon | Hard Copy Only |
| 2 | 2/SQ/ATLRM/ 2083-084 | Road cleaning work – Ward Nos. 3 and 8 | 8,75,000.00 | 19500.00 | | | | Hard Copy Only |
| 3 | 3/SQ/ATLRM/ 2083-084 | Road cleaning work – Ward Nos. 4 and 5 | 7,70,000.00 | 17500.00 | | | | Hard Copy Only |
| 4 | 4/SQ/ATLRM/ 2083-084 | Road cleaning work – Ward Nos. 6 and 7 | 11,30,000.00 | 25,000.00 | | | | Hard Copy Only |

२ थप जानकारी र बोलपत्र कागजात: योग्य बोलपत्रदाताहरूले आलिताल गाउँपालिकाको कार्यालय, भीमदत्तपुर, डडेल्धुरामा गई थप जानकारी लिन वा बोलपत्र कागजात निरीक्षण गर्न सक्नेछन्। (इमेल: ito.aalital@gmail.com, फोन नं: ९८६८७२६९८८ ।

३ बोलपत्र कागजात खरिद गर्ने प्रक्रिया: योग्य बोलपत्रदाताहरूले लिखित निवेदन, कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र फिर्ता नहुने गरी रू. १,०००.०० दस्तुर बुझाई आलिताल गाउँपालिकाबाट बोलपत्र कागजात खरिद गर्न सक्नेछन्। उक्त रकम राजस्व पोर्टल (sutrarevenue.fcgo.gov.np) मार्फत सिर्जना गरिएको भौचर (राजस्व शीर्षक नं. ८०१०७५०४१ अन्य प्रशासनिक सेवा शुल्क) वा नबिल बैंक लिमिटेड,आलिताल शाखामा रहेको यस कार्यालयको राजस्व खाता नम्बर ०६८०१०१७५००४४९ मा जम्मा गरेको भौचर पेस गरी २०८३ असोज २८ गतेको कार्यालय समयभित्र खरिद गरिसक्नुपर्नेछ।

४ बोलपत्र पेस गर्ने विधि: सिलबन्दी दरभाउपत्र माथि उल्लेखित अन्तिम मिति र समय वा सोभन्दा अगाडि आलिताल गाउँपालिकाको कार्यालयमा खामबन्दी रूपमा (हातैले) बुझाउनुपर्नेछ। तोकिएको समयभन्दा ढिलो प्राप्त भएका बोलपत्रहरू अस्वीकृत गरिनेछ।

५ बोलपत्र खोलिने र जमानत (धरौटी) : बोलपत्रदाता वा तिनका प्रतिनिधिहरूको उपस्थितिमा आलिताल गाउँपालिकाको कार्यालयमा माथि उल्लेखित मिति र समयमा बोलपत्र खोलिनेछ। बोलपत्र खोलिएको मितिबाट ४५ दिनसम्म मान्य (Valid) हुनुपर्नेछ र यसको साथमा माथि तालिकामा तोकिए बमोजिमको बोलपत्र जमानत (Bid Security) हुनुपर्नेछ,जुन बोलपत्र मान्य रहने अवधि भन्दा थप ३० दिन (अर्थात बोलपत्र खोलिएको मितिबाट जम्मा ७५ दिन) सम्म मान्य हुनुपर्नेछ। यदि बोलपत्रदाताले नगद धरौटी राख्न चाहेमा, नबिल बैंक आलिताल शाखामा रहेको खाता नम्बर ०६८०१०१७५००५५९ मा रकम जम्मा गरी सोको सक्कल भौचर सिलबन्दी दरभाउपत्रको साथमा पेस गर्नुपर्नेछ।

६ सार्वजनिक बिदा सम्बन्धी व्यवस्था: यदि बोलपत्र खरिद गर्ने वा पेस गर्ने अन्तिम दिन सरकारी बिदा पर्न गएमा, त्यसको लगतै लगत्तै आउने कार्यालय सञ्चालन भएको दिनलाई नै अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा बोलपत्र जमानतको मान्यता अवधि मूल रूपमा तोकिएको अन्तिम मितिबाटै गणना हुनेछ।

७ कारण नदेखाई कुनै पनि वा सबै बोलपत्रहरू पूर्ण वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने अधिकार कार्यालयमा निहित रहनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**

२०८३/०६/२२

Krishna Nand Joshi
Chie Administrative Officer

CamScanner